## श्री लहरी सामुदायिक वन उपभेक्ता समुह
## शितगंगा न.पा. १४ तोरिबारी अर्घाखाँची
# काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित - २०८२/११/२७ (लुम्बिनी दैनिक)**

यस सामुदायिक बनको स्वीकृत बन सम्बर्द्धन प्रणालीमा आधारित बन कार्ययोजना बमोजिम डिभिजन बन कार्यालय अर्घाखाँचीबाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा शितगंगा - १४ खोरमोर तोरिबारीमा घाटगद्धीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिबृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ सौ दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

| सि. नं. | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | |
|---|---|---|---|---|---|---|---|
| १ | साल | - | A | २३ | २९६.३६ | १२५०।- | |
| | | | B | ७५ | ५८४.६९ | ९००।- | |
| | | | C | १४९ | ७३५.६० | ६००।- | |
| | | | D | ११४ | ३३०.५३ | ३००।- | |
| २ | असना | | B | ९ | ७०.२९ | ३००।- | |
| | | | C | ५५ | १९८.९५ | १००।- | **कटान मुछान खर्च** |
| ३ | जामुन | | B | १ | ६.७७ | ३००।- | **काठ - रु.१८६।-प्रति क्यू.फि.** |
| | | | C | ८ | २८.६९ | १००।- | **दाउरा - १८१५०।- प्रति चट्टा** |
| ४ | कर्मा | | C | २ | ५.४० | १००।- | |
| ५ | बोटधाईरो | | - | ३ | ८.५४ | १००।- | |
| ६ | वाँझी | | - | १२ | ४३.७० | १००।- | |
| ७ | खमारी | | - | ५ | १८.९९ | १००।- | |
| ८ | हर्रो | | - | १० | ३९.७९ | २००।- | |
| ९ | साल दाउरा | | | १२.०० चट्टा | | १२०००।- | |
| १० | अन्य दाउरा | | | ९.०० चट्टा | | ४०००।- | |

१. बोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८२/१२/१७ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)

२. बोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८२/१२/१८ गते दिनको १.०० बजे भित्र ।

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) समुहको कार्यालय । (ख) डिभिजन बन कार्यालय अर्घाखाँची ।**

४. बोलपत्र साथ कबोल गरेको रकमको १०% हुन आउने रकम यस सामुदायिक बनको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक शाखा कार्यालय ४ नं. जितपुरमा रहेको खाता नं. ३५३०१०००००९८२००१ मा जम्मा गरेको **भौचर नै** पेश गर्नु पर्ने छ ।

**५. प्रति बोलपत्र बापत रु.२०००।- लाग्ने छ र सो रकम पनि उपरोक्त बैक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ**

६. लिलाम हुने वन पैदावार शितगंगा - १४ खोरमोर तोरिबारीमा रहेको घाटगद्धीमा स्थलगत रुपमा हेर्न सकिने छ ।

७. रितपुर्वक र न्युनतम सख्याको बोलपत्र पेश भएमा मिति २०८२/१२/१९ गते दिउसो ४.०० बजे समितिका पदाधिकारी, बन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य ब्यक्तिहरुको रोहबरमा समुहको कार्यालयमा खोलिने छ ।

८.लिलाममा भाग लिन चाहने ब्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्बर(PAN) र **डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक बन उपभोक्ता समुहलाई निहित रहने छ ।

११. लिलाम स्वीकृत भएको जानाकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मुल्य, मु.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाई लिलाम भएको वन पैदावार तोकिएको समयभित्र प्रकिया पुरा गरी लैजानु पर्ने छ ।

१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१३. अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

# लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२ / ११ / २७**

यस सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई शितगंगा १४ खोरमोर तोरीबारीमा घाटगद्दी गरी राखिएको साल जातको काठ १९६५.१७ क्यू. फि., अन्य जातको ४०८.८४ क्यू. फि. तथा साल दाउरा १२.०० चट्टा र अन्य दाउरा ९.०० चट्टा जे जस्तो अबस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्लास्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री लहरी सामुदायिक बन उपभोक्ता समूह**

**शितगंगा न. पा. १४, अर्घाखाँची**